# स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन, २०८१)

प्रस्तावनाः नेपालको संविधानको धारा ३५ (१) तथा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ (४) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने प्रत्येक नागरिकको हकलाई कार्यान्वयन गर्न तथा आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रममा उल्लेखित स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने भन्ने प्रावधानको कार्यान्वयनका लागि स्वास्थ्य संस्था नरहेका स्थानीय तहका वडाहरुमा स्थानीय तहसँग लागत सहभागितामा न्यूनतम एक स्वास्थ्य संस्था स्थापना गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न जनस्वास्थ्य सेवा ऐन,२०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि,२०७५ ( दोस्रो संशोधन,२०८१) " रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ।

(घ) "स्वास्थ्य संस्था" भन्नाले वडास्तरमा स्थापना भएका वा हुने आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई सम्झनु पर्दछ।

(ङ) "संचालन खर्च" भन्नाले जनशक्ति व्यवस्थापन, औजार उपकरण, औषधि, मसलन्द खर्च समेतलाई सम्झनु पर्दछ।

३. <u>आधारभुत स्वास्थ्य सेवा प्रवाह सम्बन्धी व्यवस्थाः</u> (१) संविधान तथा ऐनद्वारा प्रदत्त आधारभूत स्वास्थ्य सेवा स्थानीय तहको प्रत्येक वडाबाट प्रवाह गरिनेछ।

(२) स्वास्थ्य संस्था नभएका वडाहरुमा क्रमशः स्वास्थ्य संस्था स्थापना गरिदै लगिनेछ।

(३) उपदफा (२) मा उल्लेखित स्वास्थ्य संस्था निर्माणका लागि मन्त्रालयले स्वीकृत गरेको लागत अनुमान बमोजिमको बजेट नेपाल सरकारको व्यवस्था गर्नेछ।

४. <u>आधारभूत स्वास्थ्य सेवा केन्द्रको निर्माणः</u> (१) दफा ३ (३) बमोजिम प्राप्त बजेटबाट लागत सहभागिताको आधारमा सम्बन्धित स्थानीय तहले स्वास्थ्य संस्था नरहेका आफ्ना वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको निर्माण र संचालन गर्नुपर्नेछ।

२) मन्त्रालयले स्वास्थ्य संस्था नरहेका स्थानीय तहका वडाहरुको छनौट जनसंख्या, मानव विकास सूचकांक, भूगोल, नक्सांकन र सडक संजालसँगको पहुँचलाई आधार मानी गर्नेछ।

३) मन्त्रालयले स्वीकृत गरेको लागत अनुमान तथा नमूना भवन डिजाइनको परिधिभित्र रही सम्बन्धित स्थानीय तहले स्वास्थ्य संस्था निर्माण गर्नुपर्नेछ। स्वास्थ्य संस्था भैरहेको वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सम्वन्धि बजेट खर्च गर्न पाईने छैन।

४) स्वास्थ्य संस्था निर्माण कार्य राष्ट्रिय भवन संहिता तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्नुपर्नेछ।

५) स्वास्थ्य संस्था निर्माणका लागि सम्बन्धित स्थानीय तहहरुलाई लागत अनुमान बमोजिमको रकम उपलब्ध गराइनेछ।

६) सम्बन्धित वडाको जनसंख्या (राष्ट्रिय जनगणना,२०६८ बमोजिम) ७००० वा सोभन्दा बढी भएमा सम्बन्धित स्थानीय तहले टाईप १ बमोजिम न्यूनतम १६ आना (५०८.९२ वर्ग मिटर) जग्गा उपलब्ध गराई प्रसूती सेवा कक्ष सहित स्वास्थ्य संस्था निर्माण गर्नु पर्नेछ।

७) सम्बन्धित वडाको जनसंख्या (राष्ट्रिय जनगणना,२०६८ बमोजिम) ७००० भन्दा कम भएमा सम्बन्धित स्थानीय तहले टाईप २ बमोजिम न्यूनतम ९ आना (२८६ वर्ग मीटर) जग्गा उपलब्ध गराई स्वास्थ्य संस्था निर्माण गर्नु पर्नेछ।

८) उपदफा (६) र (७) बमोजिम स्वास्थ्य संस्था निर्माण गर्न जग्गा प्राप्त नभएमा वा कुनै स्थानमा विवाद आएमा वा प्राविधिक दृष्टिले उपयुक्त नदेखिएमा सम्बन्धित स्थानीय तहभित्र स्वास्थ्य संस्था नभएको अर्को वडालाई छनौट गरी निर्माण गर्नु पर्नेछ।

९) भवन निर्माण सम्बन्धी कार्यको प्राविधिक सहजीकरण सम्बन्धित प्रदेश सरकारबाट हुनेछ। साथै अनुगमन गर्ने कार्य संघीय सरकारबाट हुनेछ।

१०) सम्बन्धित स्थानीय तहबाट भवनका लागि आवश्यक कम्पाउण्ड वाल, धारा, पानी, बिजुली लगायतका पूर्वाधारको व्यवस्था गर्नु पर्नेछ।

११) स्वास्थ्य संस्था निर्माण गर्न प्रस्तावित वडाको स्थान छनौट गर्दा सबै किसिमले पायक पर्ने स्थान सम्बन्धित स्थानीय तहको वोर्ड बैठकको निर्णयबाट तोक्नु पर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या
रामशाहपथ, काठमा

५. <u>आधारभूत स्वास्थ्य सेवा संचालनः</u> (१) आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणका लागि मन्त्रालयले छनौट गरेका वडाहरुमा चालु आर्थिक वर्षबाट सम्वन्धित स्थानीय तहले आधारभूत स्वास्थ्य सेवा प्रवाह हुने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि संचालन खर्च सम्बन्धित स्थानीय तहले व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सेवा प्रवाह गर्दा कम्तीमा खोप, परिवार नियोजन, गर्भवती एवम् शिशु जाँच, साधारण प्रसुती, नवजात शिशु सेवा, डट्स सेवा, पोषण, मानसिक स्वास्थ्य, नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिङ, औषधि वितरण, स्वास्थ्य प्रवर्द्धन, सामान्य उपचार लगायतका स्वास्थ्य सेवाको समुचित व्यवस्था स्थानीय तहले गर्नुपर्नेछ।

(४) आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक न्यूनतम जनशक्ति (हेल्थ असिस्टेण्ट वा अ.हे.व. १ जना, स्टाफ नर्स वा अ.न.मी. १ जना र कार्यालय सहयोगी १ जना गरी जम्मा ३ जना विद्यमान ऐन/नियमावली/निर्देशिका वमोजिम करारमा लिई काममा लगाउनु पर्नेछ।

(५) आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न नभएसम्म सेवा प्रवाहका लागि आवश्यक पर्ने न्यूनतम २ कोठा सम्बन्धित स्थानीय तहले व्यवस्था गर्नुपर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं